मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

Purwanchal National Daily

◆ वर्ष : २९ ◆ अङ्क : १७७ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८१ जेठ १ गते मंगलवार (Tuesday, 14 May . 2024) नेपाल सम्वत् ११४४ Web : www .purwanchaldaily .com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## उपप्रधानमन्त्री यादवद्वारा राजीनामा

**काठमाडौँ, वैशाख ३१।** उपप्रधान एवम् स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री उपेन्द्र यादवले पदबाट राजीनामा दिएका छन् । जनता समाजवादी पार्टी (जसपा)नेपालका अध्यक्ष समेत रहेका यादवले सोमवार विहान प्रधानमन्त्री पुष्पकमल दाहाल समक्ष राजीनामा बुझाएका हुन् ।

आज विहान प्रधानमन्त्री दाहालसमक्ष राजीनामा बुझाएको छु, वर्तमान विकसित राजनीतिक परिस्थितिमा सरकारमै रहेर सहकार्यलाई निरन्तरता

(बाँकी अन्तिम पृष्ठमा)

## मानव तस्करीको आरोपमा तीन जना पक्राउ

### टर्की पठाउने भन्दै ठगी






**काठमाडौं, वैशाख ३१।** अमेरिका र क्यानडा लैजाने भन्दै मानव तस्करी गरी ठगी गर्ने गरेको अभियोगमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले मुख्य गिरोहका तीन जनालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा तनहुँको ऋषिङ्गा गाउँपालिका-२का ४८ वर्षीय जङ्गबहादुर विक (बराल), सोही ठाउँका ४३ वर्षीय विष्णुबहादुर बराइली तथा ओखलढुङ्गा खिजिदेम्बा गाउँपालिका-२का ४८ वर्षीय जगतबहादुर तामाङ रहेको उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रमुख एवम् प्रहरी वरिष्ठ उपरीक्षक सानुराम भट्टराईले जानकारी दिए ।

उनका अनुसार पक्राउ परेकाहरुले अमेरिका, क्यानडालगायतका मुलुकहरुमा रु. चार लाखभन्दा बढीको आकर्षक तलब हुने प्रलोभनमा पारी अमेरिका जानका लागि प्रतिव्यक्ति रु. ४० देखि ५० लाख र क्यानडा जानका लागि प्रतिव्यक्ति रु. २२ देखि ३० लाखसम्म गरी १० जनाबाट रु. पाँच करोड ५० लाख रकम ठगी गरेका थिए । उनीहरु नेपालमा टासी शेर्पा, ङिमवुटी शेर्पा र निमा शेर्पालाई एजेन्टका रुपमा प्रयोग गरी भारतको नयाँ दिल्लीमा बसेर सङ्गठित रुपमा मानव

(बाँकी अन्तिम पृष्ठमा)

साइकल पाउँदा फुरूङ्ग

## बाह्रदशीका विद्यार्थीलाई निःशुल्क साइकल

**सुरेन्द्र भण्डारी**

**झापा, वैशाख ३१।** बाह्रदशी-६ निवासी आकृति गिरी हिँडेर विद्यालय आउँछिन् । पञ्चमणि माध्यमिक विद्यालयमा कक्षा १०मा अध्ययनरत् गिरी घर नजिकै विद्यालय भएर हिँडेर विद्यालय जाने गरेकी भने होइनन् । विद्यालय आउन जान साधन नहुँदा हिँड्नुको विकल्प नभएपछि गिरी ९ कक्षा अध्ययन पूरा नगरुञ्जेल हिँडेरै विद्यालय जाने गर्थिन् ।

बाह्रदशी गाउँपालिका-६ र बिर्तामोड नगरपालिका-२को सीमानामा पर्ने चिया बगान छिचोल्दै गिरी सोमवार पनि विद्यालय गइन् । कक्षा सञ्चालन हुनुअघि भएको 'प्रेयर लाइन' मा प्रधानाध्यापक वेदकुमार खरेलले कक्षा ९ उत्तीर्ण हुने सबै विद्यार्थी र कक्षा ५ देखिमाथि कक्षा ८ सम्म प्रथम, दोस्रो र तेस्रो हुने विद्यार्थीलाई आफूसंगै वडा कार्यालयमा साइकल लिन जानुपर्छ भन्दा अचम्म परेकी गिरीले वडा कार्यालयले प्रदान गरेको साइकल पाएसँगै खुशी हुँदै भनिन्- अहा ! अब त म पनि साइकलमा स्कूल आउन पाउने भएँ ।

गिरीलाई बाह्रदशी गाउँपालिका अध्यक्ष देविन्द्रप्रसाद चम्लागाँई र वडाध्यक्ष रत्नप्रकाश




योङ्हाङ्ले संयुक्त रुपमा साइकल प्रदान गरेका थिए । साइकल पाएसंगै खुशी मुद्रामा देखिएकी गिरीले वडा कार्यालयबाट प्रदान गरिएको साइकल लिँदै भनिन्- यो साइकल जतन गरेर चलाउँछु । यही साइकल कुदाएर म ११/१२ पनि पढ्न स्कूल जान्छु ।

वडा कार्यालयले प्रदान गरेको साइकल पाउँदा विद्यार्थी मात्रै खुशी देखिएनन्, उनीहरुका अभिभावक समेत खुशी थिए । आफ्ना नानीले साइकल पाएको भन्दै वाह्रदशी-६ स्थित मतीगढाकी सम्झना लिम्बू पनि खुशी देखिइन् । मेरी छोरीले पनि वडा कार्यालयबाट साइकल पाइन्, अब स्कूल आउनजान सजिलो हुने भयो- लिम्बूले भनिन्- मेरा दुई भाइ छोरा र एक बहिनी छोरी छन् । साइकल पाउने छोरी ठूली हो । उनी अहिले १०मा पढ्छिन् । घरमा साइकल थिएन, झण्डै २० मिनेट हिँडेर नानीहरु स्कूल जान्थे, अब सजिलो हुने भयो- लिम्बूले भनिन्- वडा कार्यालयले नसोचेको काम गरेको छ, वडाको कामप्रति म खुशी छु ।

बाह्रदशी गाउँपालिका-६ले गिरी र लिम्बूलाई मात्र साइकल प्रदान गरेको भने होइन । वडामा रहेको पञ्चमणि माध्यमिक विद्यालयमा

(बाँकी अन्तिम पृष्ठमा)

## कोशीः मुख्यमन्त्रीलाई विश्वासको मत



**विराटनगर, वैशाख ३१।** कोशी प्रदेश सरकारका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले कोशी प्रदेशसभाबाट सोमवार विश्वासको मत लिएका छन् ।

प्रदेशसभा बैठकमा कार्कीले ५७ मत प्राप्त गरे । उनको विपक्षमा भने शून्य मत परेको थियो । प्रदेशसभामामा पाँच सदस्य रहेको राष्ट्रिय प्रजातन्त्र पार्टी भने तटस्थ बसेको थियो । बैठकमा प्रतिपक्षी दल नेपाली कांग्रेसका प्रदेशसभा सदस्य भने अनुपस्थित थिए । कूल ९३ सदस्यीय प्रदेशसभामा ६२ सदस्य उपस्थित थिए ।

कार्की तेस्रोपटक प्रदेश सरकारमा मुख्यमन्त्री बनेका हुन् । यसअघि विश्वासको प्रस्तावमाथि भएको छलफलमा नेकपा (एमाले)का प्रमुख सचेतक रेवतीरमण भण्डारी, नेकपा (माओवादी केन्द्र)का संसदीय दलका नेता इन्द्रबहादुर आङ्बो र नेकपा (एकीकृत समाजवादी)का कमलप्रसाद जवेगूले विश्वासको प्रस्तावको पक्षमा मन्तव्य राखेका थिए । यसैगरी राप्रपा संसदीय दलका नेता भक्तिप्रसाद सिटौलाले आफ्नो दल प्रतिपक्षमा बस्ने र मतदानमा तटस्थ बस्ने जनाएका थिए ।

## सहकारीको ८० लाख लुटेपछि...

**काठमाडौं, वैशाख ३१।** धनुषा जनकपुरमा सहकारीको रु. ८० लाख लुटेको आरोपमा दुईजना पक्राउ परेका छन् । प्रहरीले धनुषाका जनक महतो र श्रवण कापरलाई पक्राउ गरेको हो ।

जिल्ला प्रहरी कार्यालय धनुषाका प्रहरी नायव उपरीक्षक रञ्जन अवाका अनुसार दुवैजनालाई जनकपुरबाट पक्राउ गरिएको हो । पक्राउ परेका उनीहरुबाट लुटेकोमध्ये रु. १४ लाख ५३ हजार बरामद गरेको उनले जानकारी दिए ।

गत वैशाख २४ गते जनकपुरधाम उपमहानगरपालिका-१९ थुमौनास्थित पोखरीबाट धनुषाको सबैला-१२ रघुनाथपुरस्थित शुभश्री बचत तथा ऋण सहकारीको रु. ८० लाख लुटिएको थियो । सहकारीका कर्मचारी वीरेन्द्रकुमार महतोले जनकपुरको

(बाँकी अन्तिम पृष्ठमा)

## सट्टेबाजीमार्फत रू. दुई अर्बभन्दा बढीको कारोबार गर्ने पक्राउ



**काठमाडौँ, वैशाख ३१।** काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले विश्वमा सञ्चालन हुने विभिन्न खेलहरुमा सट्टेबाजी गर्न प्रयोग हुने बेटिङ, वानएक्स बेट, जुवा ३६५ तथा क्रिफ्टोमार्फत रु. दुई अर्ब एक करोडभन्दा बढीको कारोबार गरेको अभियोगमा एक जनालाई पक्राउ गरी सोमवार सार्वजनिक गरेको छ ।

पक्राउ पर्नेमा काभ्रेपलाञ्चोक मण्डदेपुर नगरपालिका-८ घर भई हाल भक्तपुर सूर्यबिनायक नगरपालिका-२ बस्ने २४ वर्षीय अनिल ढुङ्गाना रहेको काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रमुख एवम् प्रहरी वरिष्ठ उपरीक्षक सानुराम भट्टराईले पत्रकार सम्मेलनमार्फत जानकारी दिएका हुन् । उनले भने- ढुङ्गानाले ५५ वटा बैंक खातामार्फत उक्त कारोबार गरेको पाइएको र निजले वानएक्स बेट, जुवा ३६५ जस्ता अनलाइन बेटिङ वेबसाइटको प्रयोग गरी रु. दुई अर्ब एक करोडभन्दा

(बाँकी अन्तिम पृष्ठमा)

## खुदुनाबारीमा विशेषज्ञसहितको निःशुल्क आयुर्वेद स्वास्थ्य शिविर

नियम विपरीत औषधि बिक्री गर्ने प्रहरी नियन्त्रणमा

**अर्जुनधारा, वैशाख ३१।** झापाको अर्जुनधारा नगरपालिका अन्तर्गत शनिश्चरे आयुर्वेद औषधालयको आयोजनामा विशेषज्ञसहितको निःशुल्क एक दिने आयुर्वेद स्वास्थ्य शिविर सोमबार अर्जुनधारा-३स्थित खुदुनावारीमा सम्पन्न भएको छ ।

चालूआर्थिक वर्ष ०८०/०८१को स्वीकृत वार्षिक नीति तथा कार्यक्रम अनुसार अर्जुनधारा-१, २ र ३ नं. वडामा बसोबास गर्ने नगरवासीहरुलाई लक्षित गरी आयुर्वेद स्वास्थ्य उपचारमा उनीहरुको पहुँच पुऱ्याउने उद्देश्यले शिविरको आयोजना गरिएको औषधालयका प्रमुख वरिष्ठ कविराज अनिल ठाकुरले जानकारी दिए ।

अर्जुनधारा-३ नं. वडा कार्यालयको प्राङ्गणमा वडाध्यक्ष सीताराम भट्टराईको अध्यक्षतामा आयोजित शिविरको प्रमुख




अतिथि अर्जुनधारा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत तिलचन रिमालले उद्घाटन गरेका थिए । शिविरमा प्रादेशिक आयुर्वेद अस्पतालका निमित्त निर्देशक डा. सिद्धार्थ ठाकुर, जिल्ला आयुर्वेद अस्पताल केन्द्र मोरङका प्रमुख डा. केनीन राई, जिल्ला आयुर्वेद अस्पताल केन्द्र झापाका प्रमुख डा. अनिलकुकमार यादव र डा. सुरज पन्तले बिरामीहरुको स्वास्थ्य परीक्षण गरेका थिए ।

पायल्स, फिस्टुला, फिसर, मलद्वारमा हुने रोगहरु, नशा, बाथ तथा हाडजोर्नी सम्बन्धी रोगहरुको जाँच, परामर्श तथा औषधी वितरण गरिएको शिविरमा २१४ जनाले सेवा लिएको बताइएको छ । डाक्टरका अनुसार सेवा लिएकामध्ये ८-१० जनाको शल्यक्रिया गर्नुपर्ने भएको छ- औषधालय प्रमुख ठाकुरले भने ।

औषधालय प्रमुख ठाकुरले स्वागत गरेको उक्त शिविर उद्घाटन कार्यक्रमको सञ्चालन वडासचिव खगेन्द्र लिङदेनले

(बाँकी अन्तिम पृष्ठमा)

## हात्तीपाइलेबिरूद्धको औषधि सेवन अभियानमा बिर्तामोड पहिलो

**झापा, वैशाख ३१।** हात्तीपाइलेबिरुद्धको राष्ट्रिय आम औषधि सेवन गराउने अभियानमा बिर्तामोड नगरपालिका पहिलो भएको छ ।

झापाका १५ वटा स्थानीय तहमध्ये अभियान अन्तर्गत बिर्तामोड नगरपालिकाले सबभन्दा धेरै जनालाई औषधि सेवन गराएर बिर्तामोड जिल्लाकै प्रथम भएको हो । बिर्तामोड नगरपालिकाले ९९.१८ प्रतिशत मानिसलाई औषधि सेवन गराउन सफल भएको जिल्ला स्वास्थ्य कार्यालय झापाका प्रमुख रमेश बाह्राकोटीले जानकारी दिए ।

बिर्तामोडको कूल जनसंख्या एक लाख २० हजार ३ सय ३८ मध्ये एक लाख १० हजार ३ सय ५५ जनालाई औषधि खुवाउने बिर्तामोड नगरपालिकाले लक्ष्य लिएको थियो । तर, बिर्तामोड नगरपालिकाले लिएको लक्ष्य भन्दा धेरै जनालाई औषधि सेवन गराउन सफल भएको बिर्तामोड नगरपालिका स्वास्थ्य शाखाका फोकल पर्सन दीपक सापकोटाले जानकारी दिए । उनका अनुसार लिएको लक्ष्यभन्दा १ .९ प्रतिशत अर्थात् १०९ प्रतिशतलाई औषधि सेवन



गराइएको हो ।

बिर्तामोड नगरपालिकाले निर्धारण गरेको लक्ष्यमा औषधि खान नमिल्ने जनसंख्यालाई कटाइएको थियो । त्यसलाई आधार मान्दा लक्ष्यभन्दा बढीलाई औषधि सेवन गराइएको सापकोटाको भनाइ छ । जिल्लाले कूल जनसंख्यालाई आधार मानेर प्रतिशत निकाल्ने गरेको छ भने नगरले औषधि खान मिल्ने संख्यालाई मात्रै आधार मानेर औषधि खानेको संख्यालाई प्रतिशतमा निकालेको सापकोटाको भनाइ छ ।

अभियान अन्तर्गत १० वटा वडा रहेको बिर्तामोड नगरपालिकामा वडा नम्वर १मा १० हजार ८ सय ८१ जना, वडा नम्वर २मा १२ हजार ६ सय ५५ जना, वडा नम्वर ३मा ११ हजार ६ सय १९ जना, वडा नम्वर ४मा १४ हजार ७ सय ९३ जना र वडा नम्वर ५मा २४ हजार २३ जनाले औषधि सेवन गरेका थिए ।

त्यस्तै नगरको वडा नम्वर ६ मा ७ हजार १ सय ३४ जनालाई औषधि खुवाइएको थियो भने ७ नम्वर वडाका ८ हजार ३ सय ५६ जना, वडा नम्वर ८ मा ६ हजार ६ सय ६९ जना, वडा नम्वर ९मा ५ हजार ६ सय ४२ जना र वडा नम्वर १०मा ८ हजार ५ सय ८३ जनाले आम औषधि सेवन कार्यक्रम अन्तर्गत ओषधि सेवन गरेको बताइन्छ ।

अभियानका क्रममा भद्रपुर नगरपालिकामा सबै भन्दा कमले औषधि सेवन गरेको पाइएको छ । गत बैशाख १६ गतेदेखि ३० गतेसम्म सञ्चालित अभियानमा भद्रपुरले ४४.२७ प्रतिशत औषधि सेवन गराएको बताइएको छ ।

(बाँकी अन्तिम पृष्ठमा)

alaska WANTED TATA

ALASKA AUTOMOBILES PVT. LTD.

Sanischare Road, Birtamode (Jhapa)

Announces Staff's Vacancy for the Following Post:

| S. N. | Position | Qualification | Location |
|---|---|---|---|
| 1 | Sales Officer | 10+2 and above | Birtamod |

Note.:
1. Good Computer operating Knowledge (Word, Excel & Power point, Mail)
2. Bike Licence Compulsory.
3. Salary will be Paid according to Experience & Mutual Understanding.

Contact No. : 023-533929, 9801921501, 9801921502

## अनलाइनमार्फत यौन व्यवसायमा लगाएपछि...



**काठमाडौँ, बैशाख ३१।** अनलाइनमार्फत नाबालिका र किशोरीहरूलाई यौन व्यवसायमा लगाएको आरोपमा प्रहरीले एक जनालाई पक्राउ गरेको छ।

पक्राउ पर्नेमा सिन्धुपाल्चोकको पाँचपोखरी गाउँपालिका वडा नम्बर-६ घर भएर गोकर्णेश्वरस्थित माकलबारी बस्ने अञ्जली अधिकारी रहेकी छिन्।

१९ वर्षीया अधिकारीले स्ट्रिप च्याटमार्फत नाबालिका र किशोरीहरूलाई लाइभ भिडियो च्याट गर्न लगाएर यौन व्यवसायमा लगाएको उपत्यका अपराध अनुसन्धान कार्यालयका सूचना अधिकारी एसपी रवीन्द्र रेग्मीले जानकारी दिए।

अनलाइनमा बसेर अंग प्रदर्शन गरेर पुरुषहरूलाई मोहित बनाएर उनले यौनधन्दा सञ्चालन गरेकी हुन्। अधिकारीविरुद्ध प्रहरीले बालबालिका सम्बन्धी ऐन अनुसार म्याद लिएर अनुसन्धान गरिरहेको छ।

## करेन्ट लागेर मृत्यु

**झापा, बैशाख ३१।** झापाको कनकाई-२मा करेन्ट लागेर एक जना महिलाको मृत्यु भएको छ।

मृत्यु हुनेमा रवीन श्रेष्ठकी २३ वर्षीया श्रीमती मीना श्रेष्ठ रहेको जिल्ला प्रहरी कार्यालय झापाका प्रहरी नायव उपरीक्षक कृष्णकुमार चन्दले जानकारी दिए। आफ्नै घरमा होल्डरमा बल लगाउने क्रममा श्रेष्ठलाई करेन्ट लागेको थियो। करेन्ट लागेर घाइते भएकी श्रेष्ठलाई उपचारका लागि बिर्तामोडस्थित वीएण्डसी अस्पताल ल्याएपनि उनको उपचारका क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ।

# आगलागी र सडक दुर्घटना न्यूनीकरण सम्बन्धी अभ्यास



**कमल, बैशाख ३१।** सशस्त्र प्रहरी बल नेपाल पाथीभरा जवान तालिम शिक्षालयभित्र प्रकृति टोलमा सोमवार बिहान आगलागी भएको छ।

आगलागीबाट काठको तीन तले घर जलेर पूर्णरूपमा क्षति भएको छ भने पाँचजना व्यक्ति सख्त घाइते हुनुका साथै लाखौं मूल्य बराबरको क्षति भएको छ।

आगलागीको घटनाको सूचना पाउनासाथ सशस्त्र प्रहरी बल नेपाल जवान तालिम शिक्षालयबाट खटिएका सशस्त्र प्रहरीहरूले कमल गाउँपालिका र दमक नगरपालिकाको वारुण यन्त्रको सहयोगमा आगो नियन्त्रण गर्नुका साथै आगलागीबाट घाइते भएकाहरूको उद्धार गर्दै आगलागीबाट हुने थप क्षतिलाई न्यूनीकरण गरेका थिए।

यो कुनै वास्तविक घटना नभएर नभएर आन्तरिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेशको वार्षिक स्वीकृत कार्यक्रम अनुसार प्रदेशका १४वटै जिल्लाबाट विपद् व्यवस्थापनमा खटिएका सशस्त्र प्रहरी प्रशिक्षार्थीहरूले आगलागीबाट हुने क्षतिलाई न्यूनीकरण गर्ने र घाइतेको उद्धार गरिएको कृत्रिम घटना सम्बन्धी अभ्यास भएको थियो।


सशस्त्र प्रहरी बल नेपाल पाथीभरा जवान तालिम शिक्षालय झापामा तालिममा सहभागी प्रशिक्षार्थीहरूलाई विभिन्न किसिमका आगलागीका कारण हुने क्षतिलाई फायर फाइटिङ एण्ड मेडिकल फस्ट रेस्पोन्डर न्यूनीकरण आगलागीमा उद्धारका लागि सुरक्षा सामग्रीको प्रयोग विधि, आगलागी नियन्त्रणमा प्रयोग हुने सामग्रीहरूको प्रयोग लगायत व्यवहारिक विषयमा भएको अनुशिक्षण तालिम रहेको थियो।

विभिन्न किसिमका प्राकृतिक र मानवीय कारणले दिनानुदिन विपद्का घटना घटिरहेका छन्। यस्ता घटनाले ठूलो मात्रामा जनधनको क्षति हुने गरेको छ। यसलाई न्यूनीकरण गर्न प्रदेशका १४ वटै जिल्लाबाट सशस्त्र प्रहरी कर्मचारीलाई तालिम प्रदान गरी आगलागी र सडक दुर्घटनाका घटनालाई न्यूनीकरण गर्न सहयोग पुग्ने उद्देश्यले तालिम सञ्चालन गरेको आन्तरिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेशका प्रदेश सचिव लक्ष्मीप्रसाद पौडेलले बताए।

गाउँ घरमा विभिन्न प्रकारका विपद्का घटना घट्ने गरेका छन्, त्यसमा मुख्यतया आगलागी र सडक दुर्घटना रहेका छन्। त्यस्ता घटनामा सशस्त्र प्रहरीसँग समन्वय गरेर धेरै उद्धारका काम हरू गर्दै आइरहेका छौं। यस्ता तालिम बाट विपद्का समयमा धेरै सहयोग पुग्ने कमल गाउँपालिकाका उपाध्यक्ष प्रमिला न्यौपाने तिवारीले बताइन्। तालिम समापनको अवसरमा उपस्थित अतिथि तथा तालिममा सहभागी सशस्त्र प्रहरी तथा प्रशिक्षकलाई सशस्त्र प्रहरी बल नेपाल जवान तालिम शिक्षालयका समादेशक कमलप्रसाद तिम्सिनाले धन्यवाद ज्ञापन गरेका थिए।

कार्यक्रममा सडक दुर्घटना, विभिन्न प्रकोपमा हुने दुर्घटनाबाट घाइते भई तत्काल स्वास्थ्य केन्द्रसम्म पुर्‍याउनुभन्दा अगाडि जीवन रक्षाको लागि दिइने विभिन्न उपचार विधि तथा आगलागी तथा एमआरएफ सम्बन्धी कृत्रिम घटना सम्बन्धी अभ्यास समेत प्रस्तुत भएको थियो।

## पूजार सार्की : साग हालेर बेच्न राखिएको पानीपुरी




पत्रकारिता हुँदै म्यूजिक भिडियो निर्देशनमा स्थापित विकास सुवेदीको यतिबेला बाटो मोडिएको छ। उनी निर्देशन छाडेर फिल्मको कथा लेख्न रमाइरहेका छन्। फिल्म 'प्रकाश'बाट लेखनमा आफूलाई प्रमाणित गरेका उनको दोस्रो फिल्म 'पूजार सार्की' आगामी जेठ १० गतेबाट प्रदर्शनमा आउने तयारीमा छ। यसमा उनले जातीय विभेदविरुद्ध लड्ने तीन पात्रको संघर्षको कथा भनेका छन्।

फिल्मले गम्भीर मुद्दा उठाएको भए पनि यसलाई विकास बजारमा बिक्री भइरहेको पानीपुरीको संज्ञा दिन्छन्। तर, त्यसभित्र साग राखिएको उनको जिकिर छ। उनी भन्छन्- 'यो बजारलाई नै हेरेर बनाएको फिल्म हो। बजारमा पानीपुरी बिक्री भइरहेको छ र हामीले पनि पानीपुरी नै बनाएका छौं। तर, प्रयास गरेका छौं भने पानीपुरीभित्र साग हालेका छौं। आवरणमा चाहिँ यो पानीपुरी हो।'

बजारमा पानीपुरी बिक्री भइरहेको छ भने आफूले साग मात्र बेच्न राख्दा बिक्री नहुने विकासको प्रष्ट बुझाइ छ। यसैले पानीपुरीभित्र साग हालेर बेच्ने प्रयास गरिएको उनी तर्क गर्छन्। उनी अगाडि भन्छन्- 'बजारमा पानीपुरी बेचिरहेको मैले देखिरहेको छु भने मैले साग मात्र कराईमा लिएर बसेँ भने बिक्री हुँदैन। तर, अरु पानीपुरी र यो पानीपुरीमा फरक के छ भने यसभित्र साग पनि छ।'

फिल्मको ट्रेलर सार्वजनिक भएपछि धेरैले फिल्मका पात्रहरु दुःख देखिएको टिप्पणी गरिरहेका छन्। तर, विकास फिल्मका पात्रहरु दुःखी नभएको दाबी गर्छन्। 'ती पात्रहरु बिहान-बेलुका ढिँडो खान पाइनँ भनेर रोइरहेका छैनन्। जसोतसो खान पुगेको छ। जीवनमा संघर्ष त जसको पनि हुन्छ। तर, उनीहरुको जीवन चाहिँ दुःखी छैन। यसैले फिल्म हेर्दा पूर्ण मनोरञ्जन लिन सकिन्छ'- उनले भने।

'पूजार सार्की' दर्शकको नाडी छामेर बनाइएको फिल्म हो भन्ने विकासलाई लाग्छ। र, यसमा सबै समुदायको साझा कथा रहेको उनको दाबी छ। एकातिर दलित समुदायले वर्षौंदेखि उठाइरहेको मुद्दालाई प्रस्तुत गरिएको र अर्कोतिर छुताछूतलाई प्रशय दिएको भनेर गाली खाइरहेको दुवै तप्काको कथा फिल्ममा रहेको उनको जिकिर छ। यसैले सबै समुदायले फिल्म हेर्नुपर्ने उनको भनाइ छ।

## अर्जुनधारा जेसीजद्वारा निःशुल्क कम्प्युटर तालिम




**अर्जुनधारा, वैशाख ३१।** अर्जुनधारा जेसीज शनिश्चरेले युवाका लागि निःशुल्क ४५ दिने बेसिक कम्प्युटर तथा अंग्रेजी भाषा तालिम सञ्चालन गरेको छ।

स्थानीयस्तरमा रहेका युवालाई ज्ञान प्रदान गरी उनीहरुको सिप विकास गर्ने उद्देश्यले उक्त तालिमको आयोजना गरिएको जेसीजका अध्यक्ष बसन्त बुढाथोकीले जानकारी दिए। उनका अनुसार तालिमका लागि छनौट भएका ४५ जनामध्ये ३० जनालाई कम्प्युटर र ६ जनालाई अंग्रेजी भाषा तालिम प्रदान गरिनेछ।

अध्यक्ष बुढाथोकीको अध्यक्षता र उपाध्यक्ष सागर घिमिरेको संयोजकत्वमा सोमबार आयोजित तालिम उद्घाटन कार्यक्रममा दुवै तालिमको प्रमुख अतिथि अर्जुनधारा नगरपालिकाका कार्यवाहक प्रमुख नरेन्द्रकुमार श्रेष्ठ सिद्धार्थले उद्घाटन गरेका थिए।

कम्प्युटर तालिम अर्जुनधारा-८स्थित फरवार्ड एजुकेशन फाउण्डेशन झापा प्रालि, आईआईएचटी, बिर्तामोडस्थित बिर्तामोड एजुकेशन फाउण्डेशन प्रालि र एनआईसी कम्प्युटर प्रालि तथा अंग्रेजी भाषा तालिम बिर्तामोडस्थित ड्रिम एजुकेशन फाउण्डेशन प्रालिमा मंगलबारदेखि सञ्चालन हुने बताइएको छ।

जेसीजका उपाध्यक्ष घिमिरेले स्वागत र कोषाध्यक्ष बिमला भट्टराईले जेसीज आस्था वाचन गरेको उक्त कार्यक्रमको सञ्चालन महासचिव मनोज सिटौलाले गरेका थिए।

## वीरता जेसीजद्वारा नर्स दिवसमा सम्मान

**बिर्तामोड, बैशाख ३१।** ५०औं अन्तर्राष्ट्रिय विश्व नर्स दिवसको अवसर पारेर वीरता जेसीजले बिर्तामोड नगर अस्पतालमा कार्यरत नर्स गंगा उप्रेतीलाई सम्मान गरेको छ।

मानवीय सेवाको क्षेत्रमा उत्कृष्ट कार्य गर्दै आएकी नर्स उप्रेतीलाई १० हजार एक सय ११ रुपैयाँसहित सम्मान गरिएको हो। योसँगै सोही अस्पतालमा कार्यरत नर्सहरुलाई समेत सम्मान गरिएको वीरता जेसीजका महासचिव सुमन पोद्दारले जानकारी दिए।

चिकित्सक संघ झापाका अध्यक्ष सीपी यादवको प्रमुख आतिथ्य रहेको कार्यक्रममा वीरता जेसीजका अध्यक्ष विकास बस्नेतको अध्यक्षता रहेको थियो। कार्यक्रममा बिर्तामोड-३का अध्यक्ष मदन बुढाथोकी, औषधि व्यवसायी संघ झापाका अध्यक्ष जीवन खड्का, बिर्तामोड उद्योग वाणिज्य संघका महासचिव कुशल खतिवडा, नगर अस्पतालका मेसु सुनिल अधिकारी, रोट्याक क्लव अफ बिर्तामोड मिड टाउनका जीतेश अग्रवाल लगायतको आतिथ्य रहेको थियो।

जेसीज आस्था सुशील थापाले वाचन गरेका थिए भने कार्यक्रम संयोजक प्रभात मास्केले स्वागत गरेको कार्यक्रममा धन्यवाद मन्तव्य टीकाराम खतिवडाले राखेका थिए। कार्यक्रमको सञ्चालन महासचिव सुमन पोद्दारले गरेका थिए।




## चलचित्र निर्देशकसंग जेसीजको अन्तरक्रिया




**बिर्तामोड, बैशाख ३१।** चलचित्र क्षेत्रको विषयमा जानकारी गराउँदै नेपाली फिल्म क्षेत्रको विकास विस्तारको विषयमा झापाको बिर्तामोडमा एक दिने अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ।

वीरता जेसीजले आयोजना गरेको कार्यक्रममा वरिष्ठ निर्देशक नवीन सुब्बाले चलचित्र क्षेत्रको अवस्थाका विषयमा जानकारी गराएका थिए। उनीद्वारा निर्देशित सर्वाधिक सफल चलचित्र नुमाफुङको विषयमा जानकारी दिँदै त्यसमा पाएको सफलताको विषयमा उनले चर्चा गरेका थिए। गुड बाई काठमाडौं, टेलिश्रृंखला दलान लगायतको सफल निर्देशन गरिसकेका सुब्बाले वीरता जेसीजले नेपाली चलचित्र क्षेत्रको विषयमा अन्तरक्रिया गरेको भन्दै खुसी व्यक्त गरे।

कार्यक्रमका प्रमुख अतिथि विल्सनविक्रम राईले ब्यानर बाचन गरेर कार्यक्रमको उद्घाटन गरेका थिए। वीरता जेसीजका अध्यक्ष विकास बस्नेतको अध्यक्षतामा भएको कार्यक्रममा राज मुखियाले कार्यक्रमको संयोजन गर्दै स्वागत गरेका थिए। कार्यक्रममा कनकाई कलेजका स्वतन्त्र बिद्यार्थी युनियन सभापति किरण गुरुङ, किरात राई चलचित्र संघका नवीन राई, किरण राई लगायतको आतिथ्य रहेको थियो।

जेसीज आस्था तुलसी निरौलाले वाचन गरेको कार्यक्रमको सञ्चालन महासचिव सुमन पोद्दारले गरेका थिए। कार्यक्रममा रोट्याक क्लव अफ बिर्तामोड, अनारमनी सोशल युथ क्लब, क प्रोडक्सन लगायतका संस्थाले सहजीकरण गरेका थिए।

### बाह्रदशीका ...

अध्ययनरत् उत्कृष्ट, लगनशील, गरीव तथा जेहेन्दार बिद्यार्थीसहित कक्षा ९ उत्तीर्ण हुने २४ जना विद्यार्थीलाई साइकल वितरण गरिएको हो। त्यस्तै चार जना महिला स्वास्थ्य स्वयम्सेविकालाई समेत वडा कार्यालयले साइकल प्रदान गरेको छ। साइकल पाउने महिला स्वास्थ्य स्वयम्सेविकाहरुमा रीता शिवाकोटी, सीता पाठक, दिलमाया राई र भगवती कँडेल रहेका छन्।

विद्यार्थीलाई साइकल प्रदान गरिएसँगै शैक्षिक गुणस्तर सुधारमा सहयोग पुग्ने अपेक्षा गरिएको छ। विद्यार्थीले साइकल पाएपछि पढाइप्रति अभिरुची जाग्ने र नियमित विद्यालय आउने पञ्चमणि माध्यमिक विद्यालयका प्रधानाध्यापक खरेलको भनाइ छ।

त्यसो त बाह्रदशी गाउँपालिकाले सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारका लागि थुप्रै कार्यक्रम सञ्चालन गरेको छ। विद्यार्थीलाई साइकल वितरणदेखि कक्षा ११/१२ को पढाई निःशुल्क, राजगढ सामुदायिक क्याम्पस स्थापना र त्यहाँ अध्ययनरत सबै विद्यार्थीलाई सहुलियतमा गुणस्तरीय शिक्षा प्रदान गरिँदै आएको गाउँपालिका अध्यक्ष चम्लागाँईले बताए।

वाह्रदशी गाउँपालिकाले सिकाइलाई प्रविधिमैत्री बनाउँदै लगेको बताएका गाउँपालिका अध्यक्ष चम्लागाँईले भने- विद्यार्थीको पढाइ राम्रो बनाउन विद्यालयको बातावरणले मात्रै पुग्दैन, उनीहरुको आवश्यकतालाई समेत हामीले बुझ्न सक्नुपर्छ। विद्यार्थीलाई विद्यालय आवतजावतमा सहज होस् भनेर हामीले उनीहरुलाई साइकल प्रदान गर्न शुरु गरेका हौं। आगामी वर्ष पनि यो कार्यक्रमले निरन्तरता पाउँछ- उनले भने।

### सहकारीको ...

हिमालय बैंकबाट रु. ८० लाख रकम निकालेर लग्दैगरेको अवस्थामा नम्बर प्लेट नखुलेको मोटरसाइकलमा सवार तीन जनाले रकम भएको झोला लुटेर फरार भएका थिए। घटनाबारे अनुसन्धान जारी रहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

### सट्टेबाजीमार्फत ...

बढीको कारोबार गरेको खुलेको छ।

यसैगरी निजसँग विभिन्न व्यक्तिका नाममा रहेका मोबाइल नम्बरबाट ११ वटा कनेक्ट आईपीएस, १५ वटा ईसेवा वालेटमा लिङ्क गरिएका ५६ वटा बैंकमा हालसम्म रु. दुई अर्ब एक करोड १८ लाख ४४ हजार कारोबार गरेको प्रारम्भिक अनुसन्धानबाट भेटिएको प्रहरी वरिष्ठ उपरीक्षक भट्टराईले बताए। बिनान्समार्फत दुई वटा खाता प्रयोग गरेर विभिन्न दुई सय ४३ प्रकारका क्रिप्टोकरेन्सीमा हालसम्म नेपाली रु. एक अर्ब ३४ करोड कारोबार गरेको भेटिएको जानकारी दिइएको थियो।

### उपप्रधानमन्त्री ...

दिन नसकिने भएकाले जिम्मेवारीबाट राजीनामा दिन चाहन्छन्- उनले भने। उनले आजका दिनसम्म सरकारमा रहेर सहकार्य गर्ने अवसर दिएकोमा प्रधानमन्त्रीलाई धन्यवाद समेत दिएका छन्।

त्यस्तै, स्वास्थ्य तथा जनसंख्या राज्यमन्त्री दीपक कार्कीले पनि पदबाट राजीनामा दिएका छन्। जसपा राजनीतिक समिति सदस्य समेत रहेका उनले आजै राजीनामा बुझाएका हुन्।

### मानव ...

तस्करी एवम् ठगीमा संलग्न रहेको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ।

पक्राउ परेकाहरुलाई उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले कञ्चनपुर गड्डाचौकी नजिक लुकीछिपी बसेको अवस्थामा आइतबार पक्राउ गरी थप अनुसन्धान तथा कारबाहीका लागि जिल्ला प्रहरी परिसर काठमाडौँ पठाइएको प्रमुख एवम् प्रहरी वरिष्ठ उपरीक्षक भट्टराईले बताए।

त्यस्तै वैदेशिक रोजगारीमा टर्की पठाउने भन्दै १ सय २४ जना व्यक्तिहरूबाट ४ करोड ३४ लाख रूपैयाँ ठगी गरेको अभियोगमा कास्की पोखरा महानगरपालिका-५ घर भई काठमाडौं महानगरपालिका-७ चावहिल बस्ने ४२ वर्षीय बिनोद श्रेष्ठलाई प्रहरीले पक्राउ गरेको छ।

टर्कीको युएन मिसन कार्यालयमा वोर्क पर्मिटमा कामदार पठाउने, त्यहाँ गएपछि आकर्षक तलब हुने, युएनको भवन निर्माणको काममा मासिक १ हजार ४ सय ५० डलर कमाई हुन्छ भनी विश्वास दिलाई प्रलोभनमा पारी पीडितहरूबाट उक्त रकम लिई सम्पर्कविहिन भई फरार रहेका श्रेष्ठलाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मिनभवनबाट खटिएको प्रहरीले काठमाडौं चावहिलबाट पक्राउ गरेको हो। उनलाई थप अनुसन्धान तथा कारबाहीको लागि वैदेशिक रोजगार विभाग ताहाचल काठमाडौं पठाइएको प्रहरीले जनाएको छ।

### हात्तीपाइलेबिरुद्धको ...

अभियानका क्रममा मेचीनगर नगरपालिकामा ७७ प्रतिशत, बुद्धशान्ति गाउँपालिकामा ९० प्रतिशत, अर्जुनधारा नगरपालिकामा ७४ प्रतिशत, कनकाई नगरपालिकामा ८५ प्रतिशत, शिवसताक्षी नगरपालिकामा ८४ प्रतिशत, कमल गाउँपालिकामा ६७ प्रतिशत, दमक नगरपालिकाले ७० प्रतिशत, गौरादह नगरपालिकामा ६२ प्रतिशत रहेको छ।

त्यस्तै गौरीगञ्ज गाउँपालिकामा ७७ प्रतिशत, झापा गाउँपालिकामा ७५ प्रतिशत, बाह्रदशी गाउँपालिकामा ८५ प्रतिशत, हल्दिवारी गाउँपालिकामा ७० र कचनवकल गाउँपालिकामा ८४ प्रतिशत नागरिकले औषधि सेवन गरेको जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख बाह्राकोटीले बताए। उनका अनुसार सबै पालिकाको लक्ष्य ८० प्रतिशत रहेको थियो। २० प्रतिशतलाई सेवन गर्न नमिल्नेमा गणना गरिएको उनको भनाइ छ। पालिकाहरुको ८० प्रतिशत नतिजा भनेको करिव शतप्रतिशत रहेको बाह्राकोटीको भनाइ छ।

अभियानको १५औ दिनसम्ममा झापामा आठ लाख ४ हजार ७ सय ३७ जनालाई औषधि सेवन गराइएको हो। इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाले झापासहित ७ जिल्लामा हात्ती पाइलेविरुद्धको आम औषधि सेवन कार्यक्रम सञ्चालन गरेको थियो।

### खुदुनावारीमा ...

गरेका थिए।

**नियम विपरीत आयुर्वेद औषधि बिक्री गर्ने प्रहरी नियन्त्रणमा**

झापाको अर्जुनधारा-३स्थित खुदुनाबारी बजार क्षेत्रमा आयुर्वेदको नाममा जथाभावी औषधि बिक्री गर्ने बाराको जीतपुरसिमरा उपमहानगरपालिका-६ निवासी ३० वर्षीय करिमन मियाँलाई अस्थायी प्रहरी चौकी खुदुनावारीले नियन्त्रणमा लिएको छ।

सोमबार शनिश्चरे आयुर्वेद औषधालयको आयोजनामा हुने शिविरको टोली देखेपछि भागेका उनलाई औषधालयका कर्मचारीहरुले नियन्त्रणमा लिई प्रहरीलाई खबर गरेको औषधालय प्रमुख ठाकुरले जानकारी दिए।

नियम विपरीत आयुर्वेदको नाममा जथाभावी औषधि बिक्री गर्नु र सर्वसाधारणहरुसँग चर्को शुल्क लिनु गलत भएको प्रमुख ठाकुरले प्रतिक्रिया दिए। यसअघि पनि उनलाई शनिश्चरे बजार क्षेत्रमा स्थानीयहरुको सहयोगमा नियन्त्रणमा लिई शनिश्चरे प्रहरी चौकीमा जिम्मा लगाइएको थियो।

यता नियन्त्रणमा लिइएको मियाँलाई थप अनुसन्धानको लागि इलाका प्रहरी कार्यालय अनारमनी पठाइएको चौकीका प्रमुख प्रहरी सहायक निरीक्षक रोहितबहादुर मगरले जानकारी दिए।


## शिक्षक आवश्यकता

**पहिलोपटक प्रकाशित मितिः २०८१/०१/२४**

**यस विद्यालयमा तपसिल बमोजिम रिक्त रहेका दरबन्दीमा सट्टा शिक्षक नियुक्त गर्नका लागि शिक्षा विकास तथा समन्वय इकाइको मिति २०८१/०१/२४ को पत्र संख्या २०८०/०८१ (वि.व्य. शाखा) च.नं. १३०६ र १३०७ का पत्रमार्फत विज्ञापन अनुमति प्राप्त भएकाले निम्न लिखित योग्यता पुगेका नेपाली नागरिकहरूलाई विद्यालयमा हस्तलिखित दरखास्त दिन आव्हान गरिन्छ।**

**तपसिल**

| विज्ञापन नं.:- १/२०८१ | विज्ञापन नं.:- २/२०८१ |
| --- | --- |
| १) पदः– निम्न माध्यमिक तह सट्टा शिक्षक<br>२) अध्यापन गर्नुपर्ने विषयः– विज्ञान<br>३) शैक्षिक योग्यताः– विज्ञान मूल विषय लिई +२ उत्तीर्ण वा सो सरह र तालिम प्राप्त | १) पदः– प्राथमिक तह सट्टा शिक्षक<br>२) शैक्षिक योग्यताः– +२ उत्तीर्ण वा सो सरह र तालिम प्राप्त |

**उमेर हदः** १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको

**आवश्यक कागजातः** अध्यापन अनुमति प्रमाणपत्रको प्रतिलिपि, शैक्षिक योग्यता तथा तालिमका प्रमाणपत्रहरूको प्रतिलिपि, नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि।

**निवेदन दिने अन्तिम मितिः** २०८१/०२/०७ गते दिनको ४:०० बजेसम्म (करार सूचीका लागि) २०८१/०२/१४ गते दिनको ४:०० बजेसम्म (करार सूचीका उम्मेदवार नभएमा खुलाका लागि)

**परीक्षाको किसिमः** सामान्य परीक्षा–१०० पूर्णाङ्क, विषयगत परीक्षा–१०० पूर्णाङ्क, अन्तरवार्ता–२५ पूर्णाङ्क र प्रयोगात्मक परीक्षा (आवश्यक ठानेमा)–२५ पूर्णाङ्क

**परीक्षा तथा अन्तरवार्ताको जानकारीका लागि सम्पर्क मिति र स्थानः** मिति २०८१/०२/१४ गते दिनको ४:०० बजे (विद्यालयमा)।

शिक्षक सेवा आयोग नियमावली ०५७ (संशोधनसहित) को नियम १० अनुसार अयोग्य नभएको व्यक्ति मात्र उम्मेदवार हुन पाउने छ।

**निवेदन दस्तुरः–** विज्ञापन नं. १।२०८१ का लागि रू.१०००।– विज्ञापन नं. २।२०८१ का लागि रू. ७००।–

**सम्पर्क : ०२३–५५२१२५/९८५२६५०१२५**


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी
■ बिर्तामोड प्रतिनिधिः गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail .com

पूर्वाञ्चल

## सम्पादकीय

## सचेतनामा जोड देऊ

**अभिव्यक्ति स्वतन्त्रताको बलियो माध्यमका रुपमा स्थापित सामाजिक सञ्जाल कतिपय अवस्थामा 'टाउको दुखाइ'को कारण बनिँदै गएको छ । मानिस र मानिसका बीचमा अनि मानिस र समुदायका बीचमा अन्तरक्रिया गर्दै विचार, रुचि, मनोरञ्जन, सिप, जानकारी र ज्ञान प्रवाह गर्ने सशक्त साधन पनि सामाजिक सञ्जाल नै हो । यसकै माध्यमबाट सूचना सम्प्रेषण गरिन्छ, सूचना प्रविधिको पहुँच बढाउने, ज्ञान र सिप हासिल गर्ने, सम्बन्ध स्थापित गर्ने, व्यापार–व्यवसायको प्रवर्द्धन गर्ने र ज्ञानमा आधारित समाज निर्माण गर्ने सामर्थ्य समेत प्राप्त भएको छ । कतिपयका लागि महमा झिंगालाई आकर्षित गर्ने सरहको सामाजिक सञ्जाल हाम्रो समाजका लागि चक्रब्यूहमा परिणत भएको प्रहरी स्रोतले जनाएको छ ।**

**प्रत्येक वस्तुमा अवगुण पनि हुन्छन्, प्रयोगकर्ता त्यसतर्फ सजग र सचेत हुनुपर्छ– यो त हाम्रा पुर्खाहरुले भनि ल्याएका कुरा हुन् । नाट्यसम्राट बालकृष्ण समले भने जस्तैः 'विज्ञानको मरण रोएरै हुन्छ अर्थात् रोई विज्ञान मर्दछ' पनि तिनै पुर्खाहरुको भनाइको पुनर्उक्ति हो । हामी कहाँ सामाजिक सञ्जालको दुरुपयोगका तथ्याङ्क प्रत्येक दिन, प्रत्येक महिना र प्रत्येक पछिल्ला वर्ष उकालो लागिरहेको छ । चलाउँदा रमाइलो हुने, ख्यालठट्टा गर्न पाइने र मनोरञ्जन समेत हुने कारणले नयाँपुस्ताका लागि यही सेवा निष्कृय, विकृत, विसंगत बनाउने माध्यम बन्दै गएको छ । सञ्जाल कतिपयका लागि भ्रम सिर्जना गर्न, चियागफ गर्न, कुरा काट्न सहायक बनिएको छ भने अश्लीलता प्रदर्शन गर्ने, रिसइबी साध्ने र बदला लिने साधन पनि बनिएका कारण अपराधहरु पनि बढ्दैछन् ।**

**सामाजिक सञ्जालको दुरुपयोगले मानव बेचबिखन, भ्रामक सूचना प्रवाह, सूचनाको चुहावट बढेको मात्रै छैन आममानिसमा कुण्ठा, निराशा वैमनस्यता पनि पैदा गरेको छ । त्यसैले यस्ता नकारात्मकतालाई निस्तेज गर्न प्रहरीले साइबर ब्यूरोको स्थापना गरेको छ । त्यस सम्बन्धी उजुरी दिने ठाउँ ब्यूरोमा उजुरीकर्ताको संख्या प्रत्येक वर्ष बढ्दै गएको छ । सञ्जालकै ज्ञान नहुँदा खाता नै 'ह्याक' हुनेदेखि आर्थिक क्षतिसम्मका घटना बढ्दै जान थालेपछि विद्यालयदेखि नै साइबर अपराध सम्बन्धी सचेतना शिक्षा दिन थालिएको छ । सञ्जालको प्रयोग उचित ढङ्गले गर्न नजान्दा वा सचेत नहुँदा निरपराधले दोषी प्रमाणित हुनुपर्ने स्थिति पनि छ । एकातिर यसले बालबालिकामा सिर्जनशीलता हराउँदैछ भने अर्कातिर उनीहरुलाई एकाकी बनाउँदै लगेको छ । त्यस्तै सामाजिक अपराधहरु बढ्दै छन् भने समाजमा संवेदनशीलता पनि हराउँदै गएको छ । त्यसैले प्रयोगकर्तामा यस सम्बन्धी सचेतना आजको आवश्यकता हो ।**

# मिटरब्याज पीडितका समस्या



उद्धव अधिकारी

> पीडितहरू थप पीडित हुँदै जाने जोखिम कम गर्नका लागि सम्बन्धित निकायको पहलमा प्रभावकारी निःशुल्क कानूनी परामर्श सेवा उपलब्ध गराउनुपर्छ।

मिटर ब्याज सामाजिक समस्या कै रूपमा देखा परेको धेरै भयो। विभिन्न नाममा यस्तो कारोबार देशैभर फैलिएको भए पनि विशेषगरी मधेश प्रदेशका आठ जिल्ला र नवलपरासी गरी नौ जिल्लामा यो समस्या धेरै छ। रात-दिन बनिबुतो गर्दा पनि दुई छाक हातमुख जोड्न मुस्किल पर्ने परिवारको कुनै सदस्य अकस्मात् अस्पतालको बेडमा पुग्छ वा कुनै नगरी नहुने काम आइलाग्छ भने उसले ऋण नगरी यो समस्या टार्न सक्दैन। आइपरेको गर्जो नटारी पनि उसलाई सुख हुँदैन। चिने-जानेको मान्छेसँग हात थाप्यो कि मिटरब्याज लाग्ने कुरो भन्छ वा ऋण खोजिदिएबापत दलाली भाग खोज्छ।

यस्ता परिवारका लागि बैङ्कसँग सहज कारोबार गर्ने कुरा कल्पनाभन्दा बाहिर हुन्छ। त्यसैले यत्रतत्र सर्वत्र मिटरब्याजीको बिगबिगी छ। अलग कुरा हो मिटरब्याज पीडित कतिपय आन्दोलनकारी बनेर बाहिर आउँछन् कतिपय मौन रहन्छन्। बाध्यात्मक परिस्थिति बाहेक तिर्ने बाटो सुनिश्चित नभइकन अनुत्पादक काममा यसरी ऋण सापटी लिनु हुँदैन। जुनसुकै शर्तहरू पनि मञ्जुर गरी यसरी ऋण लिने ऋणीहरूले समस्या भाग्नु पर्ने हुन्छ। फेरि ऋण दिनेहरू एक पटक हातमाथि पारेपछि मुटु कलेजो लुछ्न खोज्छन्।

तीन वर्षअघि नवलपरासीको सुस्ताबाट शुरु भएको मिटरब्याजबिरुद्धको आन्दोलन आज देशभरि फैलिएको छ। पीडितहरूको आन्दोलनको बलमा सरकारले एउटा कार्यदल र दुई वटा आयोग गठन गरिसकेको छ। छोटो अवधिका दुई वटा जाँचबुझ आयोगले सरकारलाई सुझाव दिनुको अलावा केही काम पनि गरेको छ। २०७९ साउन २७ गते मन्त्रीस्तरीय निर्णयबाट गृह मन्त्रालयका सहसचिव भास्कर गौतमको संयोजकत्वमा गृहका कर्मचारी र प्रहरी गरी छ सदस्यीय पहिलो कार्यदल बनेको थियो। लिएको रकमभन्दा १०औं गुणासम्म ब्याज लिएको, मालपोतका कर्मचारीहरूको मिलेमतोमा धितो नै जफत गरेको, ऋण तिर्दा कानूनी मान्यता प्राप्त नगर्ने कागजको चिरकटो दिने गरेको, जालसाजी भए पनि कागजी रूपमा साहुहरू माथि देखिएकाले मौजुदा कानूनबाट मिटरब्याजीहरूलाई कारबाही गर्न त्यति सहज नभएको जस्ता कारण यसमा देखिएका छन्। त्यसैले कार्यदलले दर्ता नभई कारोबार गरेको, अति उच्च ब्याज लिएको, फर्जी कागज बनाएको र ऋण उठाउन बल प्रयोग गरेको जस्ता चार वटा कारणमा रहेर सुदखोरहरूलाई कारबाहीको दायरामा ल्याउन सरकारलाई ३१ बुँदे सुझाव दिएको थियो।

मिटरब्याजीहरू पाँच/सात जना ऋणीले प्रतिव्यक्ति २० देखि ५० लाख रुपैयाँ ऋण लिएको कागज लिएर बसेका छन्। यति ठूलो रकम लगानी गर्ने उनीहरूको आम्दानीको स्रोत के हो ? अथवा एउटा श्रमिक मजदुरले पचासौं लाख ऋण लिने आधारहरू के-के छन् ? कार्यदलले समाधानका उपाय सुझाउँदै गम्भीर प्रश्नहरू पनि उठाएको छ। विशेष अदालतका पूर्व अध्यक्ष गौरीबहादुर कार्कीको संयोजकत्वमा गठित दोस्रो आयोगमा पीडितहरूको पक्षबाट २८ हजार हाराहारी मुद्दा दर्ता भएका छन्।

यद्यपि बन्द गरिएको दर्ता खोल्ने हो भने यो संख्या ५० हजार नाघ्ने देखिन्छ। आठ महिनाको अवधिमा पाँच हजार एक सय अठासी वटा उजुरी मिलापत्र भएको भनिए पनि वास्तवमा १,५०० देखि २,००० मात्र कार्यान्वयनमा आएका छन्। मुद्दा दर्ता भएको मध्ये पहिलो तमसुक २०५७ सालमा बनेको देखिन्छ। यसैलाई मात्रै आधार मान्ने हो भने पनि २० वर्षपछि मात्र पीडितहरूले सङ्गठित आन्दोलन गरेर यो अत्याचारलाई बाहिर ल्याएका छन्। छिनोफानो भएका भनिएका मुद्दामा धनीहरूको तर्फबाट सात अर्ब ६२ करोड रुपैयाँ दाबी रहेको छ। आयोगको सहजीकरणपछि उक्त रकम एक अर्ब ७२ करोड रुपैयाँमा झरेको छ। यसै अवधिमा भएको सबैभन्दा महत्वपूर्ण कुरा अनुचित लेनदेन तथा मिटरब्याजलाई कानूनी रूपमै हटाउन मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०८० ले पनि कानूनी रूप लिएको छ। यद्यपि प्रतिवेदन मार्फत दुबै आयोगले दिएका सुझाव पूर्णरूपमा कार्यान्वयनमा भने आएका छैनन्।

सरकारको फेरबदलसँगै यतिखेर पुनः अर्को आयोग गठन भएको छ। देशभरबाट पैदल काठमाडौं आएका मिटरब्याज पीडितहरूको तेस्रो चरणको आन्दोलनलाई गत चैत ९ गते चकलेट खुवाएर उपप्रधानमन्त्री तथा गृहमन्त्री रवि लामिछानेले स्थगित गराउनुभएको थियो। सरकार र आन्दोलनकारीबीच भएको चारबुँदे सहमति अनुसार पूर्व न्यायाधीश तेजबहादुर कार्कीको संयोजकत्वमा तेस्रो जाँचबुझ आयोग समेत गठन भएको छ। तर, पीडितहरू भने आफ्नो समस्या समाधान हुनेमा खासै आशावादी देखिँदैनन्।




पछिल्लो आयोगले विगतका दुई वटा आयोगले शुरु गरेका सकारात्मक काम र दिएका कतिपय सुझावलाई अपनत्व ग्रहण गरी थप बलियो बनाउन चुक्नु हुँदैन। अन्यथा आयोगको चाङमा पीडितका मुद्दा हराउने सम्भावना रहन्छ। गठित आयोगहरूका सम्बन्धमा पीडितहरू भन्छन्- आयोगहरू जाँचबुझ होइन, न्यायिक बन्नु पर्छ। हामीले लिएको ऋण र चलनचल्तीको ब्याज तिर्छौं, नतिर्ने भनेका छैनौं तर कानूनी प्रक्रिया मिलाएर गरिएको डकैती भएको हुनाले यो समस्या त्यसै समाधान हुन सक्दैन। साँच्चै समस्या समाधान गर्ने हो भने प्रमुख जिल्ला अधिकारीलाई छिनोफानो गर्ने अधिकार दिने र त्यसको अनुगमनका लागि सङ्घबाट अधिकार सम्पन्न दौडाहा टोली परिचालन गर्ने एउटा विधि हुन सक्छ।

कतिपय अवस्थामा अदालतबाट आएको पुर्जी बुझेपछि जेल गइन्छ भन्ने बुझाइले पनि ऋणीहरूले पत्र बुझेनन् र अदालतमा हाजिरी पनि भएनन्। परिणाम साहुकै पक्षमा फैसला भयो। कृत्रिम ऋणको बोझले थिचिएका मजदुरलाई निःशुल्क कानूनी सहायता दिने निकाय वा व्यक्तिहरू भेटिँदैनन्। पीडितहरू थप पीडित हुँदै जाने जोखिम कम गर्नका लागि सम्बन्धित निकायको पहलमा प्रभावकारी निःशुल्क कानूनी परामर्श सेवा उपलब्ध गराउनुपर्छ।

क्षमापास चुक्तापास दृष्टिबन्धक जस्ता १३ प्रकारका लेनदेनहरूको फर्जी लिखत र अवैध तमसुकको वर्गीकरण गरेर छलफलका आधारमा बदर गर्ने प्रक्रिया अगाडि बढाउनुपर्छ। यसो गर्दा अधिकांश ल्याप्चे मात्र लगाउन सक्ने निरक्षर ऋणीहरूसँग विधि पुऱ्याएर गरिएको अपराधलाई मान्यता दिइनु हुँदैन, जसका लागि आवश्यक पर्ने थप कानून समेत निर्माण गर्नुपर्ने देखिन्छ। मिटरब्याज सम्बन्धी समस्या विशेष गरेर मधेशमा बढी देखिएकाले मधेश प्रदेश र अन्य प्रदेश एवम् स्थानीय सरकारहरूले पनि यस्तो प्रकृतिका आर्थिक अनियमिततालाई निरुत्साहित गर्ने कडा कानून निर्माण गर्न जरुरी छ।

गरिबीले मिटरब्याजीसम्म पुऱ्यायो। मिटरब्याजीले सुकुम्बासी बनायो। मजदुरी नगरी बिहान-बेलुकी छाक टार्न धौ-धौ हुने वर्गलाई पुलिस-प्रशासन, अड्डा-अदालत, आन्दोलन-धर्ना-जुलुसले झन् परिवारलाई नै भोकै मर्न बाध्य बनाउँदैछ। आन्दोलनको सम्बन्धमा एउटा भनाइ छ- हुनेले आन्दोलन गर्दैन, नहुनेले आन्दोलन गर्न सक्दैन। बाँच्ने कुनै आधार नभइसकेपछि मात्र हुँदा खाने वर्गहरू आन्दोलनमा होमिन्छन्। छरिएर रहेका पीडितहरू एकै ठाउँमा आउन, आन्दोलनको रणनीति बनाउन सयौं किलोमिटर टाढाबाट राजधानी आएर धेरै कसरत गरेको देखिन्छ। सरकारले गर्ने सम्झौताले तातेको आन्दोलन सेलाउने र नयाँ आन्दोलनको वातावरण सिर्जना गर्न समय लाग्ने हुँदा भोलिका दिनमा सरकारले गरेका सम्झौताले परिणाम दिएन भने पीडितहरूलाई थप पीडा दिन्छ। त्यसैले ढिलो न्याय दिनु न्याय नदिए बराबर हुने भएकोले सरकारले पीडित पक्षसँग गरेको सम्झौता यथाशीघ्र कार्यान्वयन गरेर जनताको विश्वास जित्न जरुरी छ।

मिटरब्याज पीडितको समस्या नजिकबाट नियाल्ने हो भने कानूनी राज्यका लागि ठूलो चुनौती बन्दै गरेको देखिन्छ। ट्याक्सीको मिटर घुमे जस्तै साहुले एकतर्फी बढाइरहने ब्याज र फर्जी कागजको चङ्गुलबाट ऋणीलाई बचाउन प्रशासनिक कानूनी बाटोभन्दा पनि राजनीतिक प्रतिबद्धताको खाँचो छ। समयमै सावाँब्याज तिरिरहँदा पनि हजार ऋण लिएकाले लाख तिर्नुपर्ने र लाख ऋण लिएकाले करोडको जग्गा-जमिनबाटै बेदखल हुनुपर्ने र यदि आनाकानी गरे साहुले बनाएको फर्जी प्रमाणको आधारमा अदालतले पीडककै पक्षमा फैसला गरिदिनुपर्ने विडम्बनापूर्ण अवस्थाको अन्त्य हुनै पर्छ।

# स्थानीयको एजेण्डा बन्यो पाथीभरामा केबलकार



ताप्लेजुङको पाथीभरामा केबलकार निर्माण गर्ने चर्चा चलेको वर्षौं भए पनि निर्माण शुरु नभएपछि यो परियोजना स्थानीयको एजेण्डा बन्न पुगेको छ। मन्दिरको ऐतिहासिकतासँग जोडेर यहाँका केही स्थानीयले केबलकार निर्माणमा अवरोध गरेपछि यहाँका राजनीतिक दल, स्थानीय सरकार, जनप्रतिनिधि, नागरिक समाज तथा ताप्लेजुङ र वरपरका विभिन्न संघ-संस्थाले निर्माण तत्कालै थाल्न दबाब सिर्जना गर्न थालेका हुन्।

केबलकार निर्माण शुरु गर्नुपर्ने माग गर्दै पछिल्लो समय जिल्लाका राजनीतिक दल र जनप्रतिनिधिहरु जनमत निर्माण गर्न लागीपरेका छन्। साथै यहाँको नागरिक समाजले केबलकार निर्माणका लागि दबाब दिँदै ताप्लेजुङको सदरमुकाम फुङ्लिङमा जनप्रदर्शन समेत गरेको छ। निर्माणको काम चाँडै शुरु गर्न दबाब सिर्जना गर्दै नागरिक समाजका तर्फबाट पाँच सय एक सदस्यीय दबाब समूह पनि निर्माण गरिएको छ।

उता स्थानीयहरु कै पहलमा पदम चेञ्जी माबो लिम्बू संयोजक र प्रकाश मादेन लिम्बू सहसंयोजक रहेको केबलकार निर्माण सहयोग समिति गठन गरी नागरिक समाजका तर्फबाट पनि निर्माणको काम चाँडै शुरु गर्न दबाब दिन थालिएको छ। केबलकार निर्माणपश्चात् जिल्लामा आन्तरिक तथा बाह्य पर्यटकको संख्यामा वृद्धि हुने, रोजगारी सिर्जना हुने तथा स्थानीय उत्पादनले बजार पाइ जिल्लाको अर्थतन्त्र चलायमान हुने भएकाले यस बृहत् परियोजनालाई जिल्लामा स्वागत गर्नुपर्ने भन्दै यहाँका प्रायः सबै राजनीतिक दल तथा निजी क्षेत्रका सङ्घ-संस्था आ-आफ्ना बैठक तथा विज्ञप्ति मार्फत आह्वान गरिरहेका छन्।

ताप्लेजुङका निजी क्षेत्रका व्यावसायिक संघ-संस्थाहरु नेपाल उद्योग वाणिज्य सङ्घ, होटल व्यवसायी सङ्घ र निर्माण व्यवसायी सङ्घ ताप्लेजुङले सयुक्त प्रेस विज्ञप्ति प्रकाशित गर्दै पाथीभरामा केबलकार निर्माण गर्न सबैले सहजीकरण गर्नुपर्ने धारणा सार्वजनिक गरिसकेका छन्। प्रेस विज्ञप्ति उल्लेख गरिएको छ- 'विगत केही वर्षदेखि पाथीभरा मुकुम्लुङको धार्मिक पर्यटनका कारणले पनि ताप्लेजुङको अर्थतन्त्र चलायमान हुन थालेको हामीले प्रत्यक्षरुपमा अनुभूत गरेका छौं, त्यसैले निर्माणको काम जतिसक्दो चाँडो अघि बढाउनुपर्छ।' अहिले पाथीभरा मुकुम्लुङमा बर्सेनि करिब तीन लाखभन्दा बढी भक्तजन आउने गरेका छन्। यहाँ केबलकार निर्माण गर्न सकिएमा यहाँ बर्सेनि १२ लाखभन्दा बढी पर्यटक आउने अनुमान गरिएको छ।

जिल्लाको पर्यटन प्रवर्द्धनमा अझ फराकिलो आयाम थप हुने, थप नयाँ पर्यटकीय क्षेत्रहरुको विकास र प्रवर्द्धनमा सहयोगी हुने निश्चित रहेको निजी क्षेत्रले सार्वजनिक गरेको प्रेस विज्ञप्तिमा उल्लेख गरेका छन्। यस्ता गौरवको योजनामा सबै पक्ष जिम्मेवार भई सहजीकरण गर्नुपर्ने र शान्ति सुरक्षाको प्रत्याभूतिसहित वार्ता तथा संवादको माध्यमबाट राज्यको तर्फबाट लगानीमैत्री वातावरण सिर्जना गर्नुपर्ने निजी क्षेत्रको बुझाइ छ।

त्यसैगरी जिल्ला समन्वय समितिले पनि केबलकार निर्माण सहजीकरण समिति गठन गरी परियोजना सहजीकरण समिति गठन गरेको छ। सो समितिको पटक-पटक बसेको बैठकले केबलकार तत्काल निर्माण अगाडि बढाउन पनि माग गरिरहेको छ। साथै सो निर्णयको छायाँकपीसहित गत फागुन ४ गते जिल्ला समन्वय समिति ताप्लेजुङले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कोशी प्रदेश र कोशी प्रदेशको आन्तिरिक मामिला तथा कानून मन्त्रालयमा दर्ता गराइसकेको छ। निजी तथा सरकारी लगानी भित्र्याई जिल्लालाई समृद्ध बनाउन सबै जिल्लाबासी एक भएर लाग्न आश्यक रहेको भन्दै नेपाल कम्युनिष्ट पार्टी(एमाले) ताप्लेजुङले प्रेस विज्ञप्ति सार्वजनिक गरी विकासका परियोजनालाई निर्वाधरुपमा सञ्चालन गर्न तथा यसका लागि शान्तिसुरक्षा कायम गर्न समेत माग गरेको छ।

यही बैशाख २५ गते नेपाल कम्यनिष्ट पार्टी (माओवादी केन्द्र) ताप्लेजुङले पाथीभरामा केबलकार बन्नु उपयुक्त रहेको धारणा सार्वजनिक गरेको छ। माओवादी केन्द्रले पाथीभरामा केबलकार बन्ने विषयमा विवाद गर्नु नहुने बताइसकेको छ। निर्माणका क्रममा रहेको केबलकारले पाथीभरा मन्दिरलाई कुनै असर नपर्ने तथा तीर्थयात्रीलाई सहजता हुने भएकाले केबलकार निर्माणका लागि आफ्नो पार्टीको समर्थन रहेको माओवादी केन्द्र ताप्लेजुङका संयोजक विष्णुकुमार लिम्बु र सचिव सागरमणि गौतमद्वारा हस्ताक्षरित वक्तव्यमा उल्लेख छ। ताप्लेजुङमा केबलकार निर्माण हुनु जिल्लाबासीको समृद्धि र यहाँको पहिचानसँग जोडिएको भन्दै पाथीभराको मुख्य पूजाधामबाट एक किलोमिटर तलै केबलकार निर्माण गर्दा कुनै समस्या नरहेको याक्थुङ चुम्लुङ नेपालका अध्यक्ष पदम चेन्जी माबो र सचिव पेली माबोहाङले गत चैत १७ गते आफ्ना धारणा सावर्जनिक गर्नुभएको थियो।

त्यस्तै स्थानीयको प्रत्यक्ष सहभागिता, रोजगारीमा प्राथमिकताका साथै स्थानीयबासीको शेयर लगानी जस्ता विषय सुनिश्चित गरेर केबलकार कम्पनीले निर्माण अगाडि बढाउनुपर्ने पनि याक्थुङ चुम्लुङ नेपाल झापाले जनाएको छ। गत चैत १६ गते पाँचथर उद्योग वाणिज्य सङ्घले केवलकार निर्माण पक्षमा ऐक्यबद्धता जनाएको छ। सो सङ्घले केबलकार जस्तो बृहत् आयोजनालाई स्थानीयले स्वागत गरेर जिल्लामा भित्र्याउनुपर्नेमा जोड दिएको छ। निर्माण शुरु भएपछि त्यसको १३ महिनाभित्रै परियोजना सम्पन्न गर्ने भन्दै निर्माण कम्पनीले प्रशासनिक तथा अन्य कामहरु सकेको भए पनि निर्माण प्रक्रियाबारे केही स्थानीयले विरोध गरेका कारण केबलकार परियोजना अघि बढ्न सकेको छैन।

पाथीभरा (मुक्कुमलुङ) दर्शन केबलकार प्रालिका अध्यक्ष चन्द्रप्रसाद ढकाल भने आफूहरु निर्माणको शुरुवातको पर्खाइमा रहेको र अब छिट्टै शुरु हुने बताउनुभयो। 'अहिले पाथीभरामा केबलकार निर्माण गर्न सहज वातावरण बन्दै गएको छ। स्थानीय जनताले पनि निकै लामो समय भयो, हामीलाई केबलकार सपनामात्र हुने भयो निर्माणको काम थालिहाल्नुपर्यो भनेर दबाब नै दिनुभएको छ, त्यसैले निर्माणको काम छिट्टै नै शुरु गर्नेछौं' -अध्यक्ष ढकालले भन्नुभयो- 'हामीसँग अनुभव छ, हामीले विभिन्न ठाउँमा केबलकार सञ्चालन गरेका पनि छौं, त्यसैले निर्माण शुरु गर्यौं भने हामीले पहिले भने जस्तै १३ महिना मै सम्पन्न गरिसक्नेछौं।'

स्थानीयलाई रोजगारीसँगै यहाँको आर्थिक गतिविधि, पर्यटन विकास लगायतमा परियोजनाले ठूलो सहयोग पुग्ने भएकाले स्थानीयले उठाएका मागबारे बसेर समझदारी गर्न सकिने उहाँको भनाइ थियो। कम्पनीले स्थानीयलाई पनि शेयर प्राप्त दिने ढाँचामा यसको विकास गरिरहेको छ। यसबाट सिङ्गो प्रदेश सरकार, स्थानीय सरकार र नागरिकलाई प्रत्यक्ष लाभ हुने मोडलबाट केबलकार निर्माण गर्न लागिएको कम्पनीले जनाएको छ।

कम्पनीका इञ्जिनियर विजय पौडेलका अनुसार काफ्लेपाटी डढेले छेउ मुख्य स्टेसन रहने केबलकारको डिजाइन अनुसार त्यहाँबाट करिब दुई हजार सात सय मिटर उचाइमा रहेको पाथीभरा क्षेत्रसम्म पुग्न सकिने छ। मन्दिर आसपास कुनै संरचना नरहने र अहिलेको पदमार्ग हुँदै पाथीभरा मन्दिर प्रवेशद्वारबाटै तीर्थालु तथा दर्शनार्थी जान सकिने गरी केबलकार निर्माणको डिजाइन तयार भएको पौडेलले बताउनुभयो। मुख्य स्टेसनबाट १० मिनेटमा केबलकारको अन्तिम स्टेसन पुग्न सकिने कम्पनीले जनाएको छ। केबलकारका लागि १३ वटा टावर निर्माण हुने पौडेलले बताउनुभयो। सो केबलकारमा ४५ वटा गोन्डुला रहने कम्पनीले जनाएको छ। केबलकार परियोजनाको विरोध गरिरहेको मुक्कुमलुङ संयुक्त सङ्घर्ष समितिले भने केबलकार निर्माण गर्न नहुने बताउँदै आएको छ।

समितिका संयोजक लिखिमले लिम्बू समुदायको आस्था र ऐतिहासिकताको ख्याल गरेरमात्र परियोजना अघि बढाउनुपर्ने बताउनुहुन्छ। तर, निर्माण कम्पनीले भने स्थानीयसँग बसेर सबै विषयमा छलफल गरी सहमतिका साथ अघि बढ्न सकिने बताउँदै आएको छ। काफ्लेपाटीदेखि पाथीभरा मन्दिरसम्म केवलकार निर्माणका लागि सरकारले अनुमति दिएको छ। पाथीभरा मन्दिर तीन हजार सात सय ९४ मिटर उचाइमा रहेको छ। केबलकार निर्माण गर्न करिब चार अर्बको लगानी लाग्ने कम्पनीले जनाएको छ।

# माईमा क्षयरोग सम्बन्धी जनचेतनामूलक सचेतना



विमल दहाल

**माई, बैशाख ३१।** इलामको माई नगरपालिका क्षयरोगसँग सम्बन्धित अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

नेपाल क्षयरोग निवारण संस्था इलाम जिल्ला शाखा र माई नगरपालिका स्वास्थ्य शाखाको संयुक्त आयोजनामा माई नगरपालिका अर्न्तगतका क्षयरोग अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको हो ।

माई नगरपालिका अन्तर्गत वडा नम्बर १, २, ३ र ४ का महिला स्वास्थ्य स्वयम्सेविकाहरुलाई नेपाल क्षयरोग निवारण संस्था इलाम शाखाका सभापति दिवाकर भण्डारी, माई नगरपालिका स्वास्थ्य शाखा प्रमुख जनस्वास्थ्य निरीक्षक पुष्कर कट्टेल, प्राविधिक एवम् हेल्थ असिस्टेन्ड पारश राई लगायतले सहजीकरण गरेका थिए । कार्यक्रममा नेपाल क्षयरोग निवारण संस्था इलामका उपसभापति नरेन्द्र खड्का, सदस्य राधा खड्का, भिम विसुङ्खे लगायतको सहभागिता रहेको थियो ।

कार्यक्रम अन्तर्गत माई नगरपालिकाभित्रका ९९ जना महिला स्वास्थ्य स्वयम्सेविकाहरुलाई बैशाख २९ गते महमाईमा, बैशाख ३० गते दानाबारीमा र बैशाख ३१ गते चिसापानी स्वास्थ्य चौकीमा सम्पन्न हुने आयोजकले जनाएको छ । जनचेतना कार्यक्रम पश्चात खकार परीक्षण शिविर सञ्चालन गरिने जनाइएको छ ।

यसैबीच माई नगरपालिका स्वास्थ्य शाखाको आयोजनामा नसर्ने रोग सम्बन्धी एक दिने सचेतना दानाबारीमा सम्पन्न भएको छ । कार्मचारी, महिला स्वास्थ्य स्यम्सेविका लगायतको सहभागिता रहेको कार्यक्रमलाई जनस्वास्थ्य निरीक्षक पुष्कर कट्टेल, मेडिकल अधिकृत डा. गौतमकुमार झा, हेल्थ असिस्टेन्ड नवराज कार्की लगायतले सहजीकरण गरेका थिए ।

नसर्ने रोगको उच्च जोखिम देखिएको माई अस्पतालमा अहिले सूचीकृत भई नियमित औषधी खाने पाँच सय ६० जना बिरामी रहेको कार्यक्रममा बताइएको थियो ।

# 'भद्रपुर मुनिसिपालिटी मोडल युनाइटेड नेशसन–२०२४' शुरु

**भद्रपुर, बैशाख ३१।** भद्रपुरस्थित मेची बहुमुखी क्याम्पसमा नमूना संयुक्त राष्ट्रसंघको अभ्यास कार्यक्रम (बीएमएमयूएन-२०२४) सामेबारदेखि शुरु भएको छ ।




युवाहरूको नेतृत्व विकास टेवा पुऱ्याउने उद्देश्यले भद्रपुर युवा परिषद्को आयोजनामा 'भद्रपुर मुनिसिपालिटी मोडल युनाइटेड नेशसन-२०२४' शुरु भएको हो । कार्यक्रमको उद्घाटन नगर प्रमुख गणेश पोखरेलले गरेका छन् ।

कार्यक्रममा नगर प्रमुख पोखरेलले यस नमूना अभ्यासले अन्तर्राष्ट्रिय स्तरको शैक्षिक प्लेटफर्म भएकाले युवाहरूको नेतृत्व विकास, कूटनीतिक बहस, लेखन, बौद्धिक विश्लेषण जस्ता क्षमता अभिवृद्धिबारे सीप आदानप्रदानमा योगदान पुऱ्याउने बताए । जेठ २ गतेसम्म सञ्चालन हुने नमूना संयुक्त राष्ट्र संघको अभ्यास कार्यक्रममा १६ देखि २४ वर्ष उमेर समूहका नगरका एक सय ५० जना युवा सहभागी भएका छन् । जसमध्ये एक सय ३० जना कार्यक्रममा सहभागी भएका छन् भने २० जना स्वयम्सेवक रहेका छन् ।

मेची बहुमुखी क्याम्पस, वीरेन्द्र मावि र अनलाइन आवेदनको माध्यमबाट सहभागी छनोट गरिएको हो । सबै कार्यक्रम अंग्रेजी भाषामा हुने भएकाले सहभागी सोही अनुसार छनोट गरिएको परिषद्का सदस्य सचिव योगेन्द्र पौडेलले जानकारी दिए ।

युवालाई अन्तर्राष्ट्रिय कूटनीति र नेतृत्व विकास, संयुक्त राष्ट्रसंघको कार्य, भूमिका, महासभाको अभ्यास गर्न, अन्तर्राष्ट्रिय सवालहरूमा पैरवी गर्न, दिगो विकास लक्ष्यबारे बहस गर्न, मानव अधिकार, सुरक्षा परिषद् लगायतका विषयमा प्रशिक्षित गराउने उद्देश्यले कार्यक्रम आयोजना गरिएको नगर युवा परिषद् कार्यकारी अध्यक्ष सरोज ढकालले जानकारी दिए । उनले नगरमा रहेका करिब २९ हजार युवाहरूलाई क्रमश यस प्रकारका कार्यक्रम गरी प्रशिक्षित गर्दै जाने बताए ।

कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत सुनिल निरौला, वडा अध्यक्षहरू, कार्यपालिका सदस्यहरू, संयुक्त राष्ट्रसङ्घ विज्ञ डा. एकराज दाहाल लगायत विद्यार्थीहरूको सहभागिता रहेको थियो ।

# नेपाल शिक्षक संघको स्थापना दिवस




**चारआली, बैशाख ३१।** नेपाल शिक्षक संघ झापाले आफ्नो ३५औं स्थापना दिवस मनाएको छ ।

शिक्षकहरुलाई सम्मान, पुरस्कृत र अभिनन्दन कार्यक्रम चारपानेमा सम्पन्न भएको हो । जिल्ला अध्यक्ष तोयानाथ गड्तौलाको सभापतित्व एवम् कोशी प्रदेशका पूर्व मुख्य मन्त्री उद्धव थापाको प्रमुख आतिथ्य रहेको थियो ।

कार्यक्रममा शिक्षा विकास समन्वय इकाइ झापाका प्रमुख राजकुमार विक, नेपाली कांग्रेस झापाका उपसभापति केशव पाण्डे, सचिव कृष्ण हुमागाँई, शिक्षक लता खरेल र कृष्णमाया रिजाल लगायतले शुभकामना मन्तव्य राखेका थिए ।

कार्यक्रममा भक्ति शिवाकोटी स्मृति पुरस्कार, सावित्रा-पर्शुराम स्मृति पुरस्कार, चन्द्रमणि-कासिमुनी स्मृति पुरस्कार, पुण्य सिटौला स्मृति पुरस्कार, उत्कृष्ट शिक्षक, प्रध्यानाध्यापक पुरस्कारबाट क्रमशः देबेन्द्र खनाल, इन्दुश्री निरौला, हेतु राजवंशी, प्रकाश भण्डारी, गोपालचन्द्र भुजेल, गेहेन्द्रविक्रम शाह, मुकुन्द ढकाल, तारा पाठक उप्रेती, कपितलाल गनगाई, करुण पराजुली, द्वारिका निरौला, इन्द्र पाठक, कैलाश राई, जमूना न्यौपाने लगायतका शिक्षक सम्मानित एवम् पुरस्कृत भएका थिए ।

झापाका १५ वटै पालिकारुबाट १५ जना उत्कृष्ट सांगठनिक सम्मान प्राप्त गरेको टेकेन्द्र ढकालले जानकारी दिए ।


## सेफ्टी ट्यांकी चाहिएमा

अब झापामा सेफ्टी ट्यांकी सफा गर्नु परेमा **राम्रो सेफ्टी ट्यांकी**लाई सम्पर्क गर्नुहोस् । *सस्तो, भरपर्दो, छिटो र छरितो सेवा उपलब्ध छ ।*





सम्पर्क :

| देवराज गिरी | विशाल हरिजन |
|---|---|
| ९७०६१९६४०६ | ९८१४९१७७११ |
| ९८४२०७०५८६ | ९८४२७३३६१२ |


# पेस्तोलसहित एकजना पक्राउ

**झापा, बैशाख ३१।** सङ्खुवासभाको चैनपुर नगरपालिका-१ नूनढाकीबाट कटुवा पेस्तोलसहित एक जनालाई प्रहरी पक्राउ गरेको छ ।

जिल्ला प्रहरी कार्यालय सङ्खुवासभाका प्रहरी निरीक्षक अशोककुमार जबेगूले चैनपुर नगरपालिका-१ नूनढाकीका ४२ वर्षीय दिलकुमार चोङवाङ रहेको जानकारी दिए ।

पेस्तोल बोकेर हिँडडुल गर्ने गरेको विशेष सूचनाको आधारमा प्रहरी चौकी नूनढाकी र सङ्खुवासभाको संयुक्त प्रहरी टोलीले एक थान कटुवा पेस्तोलसहित चोङवाङलाई पक्राउ गरिएको प्रहरी निरीक्षक जबेगूले बताए ।

बरामद भएको कटुवा पेस्तोलसहित चोङवाङबिरुद्ध मुलुकी अपराधसंहिता, २०७४ को हातहतियार तथा खरखजना सम्बन्धी कसूरमा जिल्ला अदालत चैनपुरबाट म्याद थप गरेर अनुसन्धान अघि बढाएको जिल्ला प्रहरी कार्यालय सङ्खुवासभाले जनाएको छ ।

# तीन सय १३ किलो गाँजासहित पक्राउ

**सुनसरी, बैशाख ३१।** धरान उपमहानगरपालिका-८ स्थिमा बुढासुब्बा वर्कसपबाट अवैध लागूऔषध गाँजा तीन सय १३ किलोसहित सोही वर्कसपमा काम गर्ने धरान उपमहानगरपालिका-१५ बस्ने २८ वर्षीय आशिष कार्कीलाई प्रहरीले पक्राउ गरेको छ ।

विशेष सूचनाको आधारमा कोशी प्रदेश प्रहरी कार्यालय विराटनगर र इलाका प्रहरी कार्यालय धरानबाट खटिएको संयुक्त टोलीले वर्कसपको कम्पाउण्डभित्र शंकास्पद अवस्थामा रहेको बा.१० च ६८३८ नम्बरको स्कार्पियो गाडीलाई जाँच गर्दा उक्त परिमाणको गाँजा फेला पारी कार्कीलाई पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।


## मातृभाग्यरेखा वचत तथा ऋण सहकारी संस्था लि. विर्तामोड–१ झापाको
## हर्जाना छुट सम्बन्धी सूचना

यस संस्थाबाट कर्जाको कारोबार गर्नुहुने सबै सदस्यज्यूहरुले २०८१ साल बैशाख मसान्तसम्मको संस्थालाई बुझाउन बाँकी रहेको व्याज बुझाएमा हर्जाना वापत लाग्ने सबै रकम छुट गरिने भएकोले यथाशीघ्र संस्थामा सम्पर्क गरी यो सुविधा उपभोग गर्नुहुन सूचना प्रकाशित गरिएको छ ।

ऋण उपसमिति

मातृभाग्यरेखा साकोस, विर्तामोड–१ झापा, ०२३–५९००४०, ०२३–२३८६२६

## ताप्लेजुङ -पाथीभरा सफल यात्रा

बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।



ताप्लेजुङ पाथीभरा काउन्टर
मो. ९८०३२५०४७२
९८०१३६४०९३

## उच्च गुणस्तर सुलभ मूल्य
## सयपत्री बालुवा प्रशोधन उद्योग

यहाँ आधुनिक प्रविधिद्वारा प्रशोधित बालुवा, गिटी आदि निर्माणजन्य सामग्री सुपथ मूल्यमा पाइनुका साथै तुरुन्त डेलिभरी समेत गरिन्छ ।

सम्पर्क :
९८०४९५४४००
९८६६२४२४६६
अर्जुनधारा नगरपालिका– ४, झापा

## हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।

**जाँच तथा उपचार हुने समस्याहरु**
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३–५३०१२३, ९८०३१५४६१९)

## बराल ट्याक्सी सर्भिस

दमक-बिर्तामोड-जितपुर-मंगलबारे
दैनिक सेवा
रिजर्वको लागि पनि हामीलाई सम्झनुहोस्

| छुट्ने समय | | सम्पर्क (चालक) | |
|---|---|---|---|
| | | सन्तोष | जीवन कार्की |
| दमकबाट | बिहान ६ बजे | ९८०६०१८१७४ | ९८१६९४०१७३ |
| बिर्तामोडबाट | बिहान ७ बजे | ९८४०३८७६७५ | मे १ ज १६७० |
| मंगलबारेबाट | दिउसो १२ बजे | | |

## द एभरेष्ट बचत तथा ऋण सहकारी संस्था लि. दमक झापाको
## ऋण चुक्ता गर्न आउने १५ दिने सार्वजनिक सूचना

*प्रकाशित मितिः– २०८१/०२/०१ मंगलबार*

यस संस्थाबाट तपशिलमा उल्लेखित ऋणि सदस्यहरुले व्यापारिक प्रयोजनको लागि ऋण लिँदाको बखतमा तोकिएको भुक्तानी तालिका अनुसार तिर्नु बुझाउनुपर्ने साँवा र ब्याज रकम नतिरी नबुझाई संस्थालाई लेखि लेखाइ दिइएको ऋण सम्बन्धी शर्त बन्देज उल्लघंन गर्नुभएकोले संस्थाले पटक–पटक लिखित तथा मौखिक रुपमा तागेता गर्दा पनि आलटाल गरी सर्त बमोजिम संस्थालाई बुझाउनुपर्ने साँवा, ब्याज र हर्जना नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र यस संस्थाको कार्यालयमा आइ भाखा नाघेको ऋणको साँवा, ब्याज र हर्जना एकमुष्ट चुक्ता गर्न गराउनुहुन तपाई ऋणि सदस्यहरुमा यो सूचना जारी गरिन्छ । उल्लेखित मितिभित्र ऋणको सम्पूर्ण साँवा, ब्याज चुक्ता गर्न नआएमा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ तथा संस्थाको ऋण लगानी तथा असुलि कार्यविधि २०७६ एवम् प्रचलित ऐन कानून बमोजिम ऋणि सदस्यहरुको धितोमा रहेको चल/अचल सम्पत्ति जहाँ जे अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री वा अन्य व्यवस्था गरी संस्थाको लिने रकम असुल गर्न प्रक्रिया अगाडि बढाइने छ । असुल उपर कारवाहीको सिलसिलामा उक्त कार्यविधि अनुसार भएका अन्य सम्पूर्ण खर्च समेत ऋणि सदस्यबाट नै असुल उपर गरिने व्यहोरा समेत जानकारी गराइन्छ । यस संस्थाबाट संस्थाको सम्पूर्ण लिने रकम असुल नभएमा ऋणि सदस्यहरुको घर–घरनाको चल अचल सम्पत्तिबाट असुल उपर गरिने व्यहोरा जानकारी गराइन्छ ।

### सुरुङ्गा सेवा केन्द्र

| ऋणिको नाम, थर र बतन | धितोको विवरण | ऋणिको नाम, थर र बतन | धितोको विवरण |
|---|---|---|---|
| नाम : मधुसुदन गौतम | डाँगीबारी–८, झापा | नाम : गोमा कुमारी गिरी | सुरुङ्गा–३ |
| बाबु : गोपिकृष्ण गौतम | कि.नं. : १७७३ | बाबु : राम वा. गिरी | कि.नं. : १४८६ |
| बाजे : खडानन्द गौतम | क्षेत्रफल : ५१६.३९ व.मि. | बाजे : हस्त वा. गिरी | क्षेत्रफल : २०३१.७८ व.मि. |
| बतन : डाँगीबारी–८ | कि.नं. : १७७१ | बतन : मेचीनगर | र.नं. : ११२३० ग |
| ना.प. नं. : ०३/५९९५ (झापा) | क्षेत्रफल : १६०.८३ व.मि. | ना.प. नं. : ९१५२७ (झापा) | |
| जारी मिति : २०६३/०८/१४ | र.नं. : ५६८४ ख | जारी मिति : २०५५/०४/१७ | |

| ऋणिको नाम, थर र बतन | धितोको विवरण |
|---|---|
| नाम : गरुध्वज गौतम | डाँगीबारी–८ |
| बाबु : गोपिकृष्ण गौतम | कि.नं. : ४५६९ |
| बाजे : खडानन्द गौतम | क्षेत्रफल : ६७७.२६ व.मि. |
| बतन : कनकाई– १ | र.नं. : ८३१९ ख |
| ना.प. नं. : २३३७२६३ (झापा) | |
| जारी मिति : २०४६/०२/१२ | |

### बिर्तामोड सेवा केन्द्र

| ऋणिको नाम, थर र बतन | धितोको विवरण |
|---|---|
| नाम : शान्ता लिम्बु | गरामुनी–९ |
| बाबु : तिल बहादुर लिम्बु | कि.नं. : ९८७ |
| पति : कृष्ण बहादुर लिम्बु | क्षेत्रफल : ३३८.६३ व.मि. |
| बाजे : दिल बहादुर लिम्बु | र.नं. : १०८१६ ख |
| बतन : बिर्तामोड–१, झापा | |
| ना.प.नं.: ०४१०१२/२४५६ (झापा) | |
| जारी मिति : २०६७/१०/२४ | |

**द एभरेष्ट बचत तथा ऋण सहकारी संस्था लि.**
दमक–५, झापा (फोन नं. : ०२३–५७५८५५

## निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना

कपिलमुनि सुवेदीको नाति, श्री नारायण सुवेदीको छोरा कोशी प्रदेश झापा जिल्ला विर्तामोड न.पा. वडा नं. ०४ बस्ने पदमप्रसाद सुवेदीले यस शाखामा बचत खाता नं १८२१५२४१४०२५०३/ १८२१५२४१४१६६३४ सञ्चालन गर्दै आउनुभएकोमा मिति २०८०/१२/०७ मा निज खातावाला पदमप्रसाद सुवेदीको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउँ भनी निज मृतकको श्रीमती नाता पर्ने सविता सुवेदीले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजात सहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ । **बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा १११** बमोजिम निज मृतक खातावाला पदमप्रसाद सुवेदीको नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दावीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदावी छ भने यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स–प्रमाण दाबी गर्न यस बैंकको विर्तामोड शाखामा आउनुहोला । अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने वेहोरा समेत जानकारी गराईन्छ । पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ ।

नेपाल एसबिआई बैंक लिमिटेड NEPAL SBI BANK LTD.
विर्तामोड शाखा
मुक्तिचोक, बिर्तामोड, झापा
फोन नम्बरः०२३–५३०९१०

## निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना

बिर बहादुर राईको नातीनी, मन बहादुर राईको छोरी १ नं. प्रदेश इलाम जिल्ला देउमाइ नगरपालिका वडा नं. ०७ बस्ने दिलरुपा भनिने दिलरुपा थुलुङले यस इलाम शाखामा खाता नं. २१११५२४०३००७४४ सञ्चालन गर्दै आउनु भएकोमा मिति २०७९-११-२५ मा निज खातावाला दिलरुपा थुलुङको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउँ भनी निज मृतकको नाति नाता पर्ने दल सिा राईले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजात सहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ । **बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा १११** बमोजिम निज मृतक दिलरुपा थुलुङको नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दावीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स–प्रमाण दाबी गर्न यस बैंकको इलाम शाखामा आउनुहोला । अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सो का लागि बैंक जिम्मेवार नहुने वेहोरा समेत जानकारी गराइन्छ । पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ ।

नेपाल एसबिआई बैंक लिमिटेड NEPAL SBI BANK LTD.
इलाम शाखा, इलाम
फोन नम्बर :– ०२७–५२१७२४
फ्याक्स :– ०२७–५२१७३१




ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -**
स्वास्थ्य प्रतिकुल बनेर गयो, अनावश्यक झमेलामा फसिने योग रहेको छ, यो अवधिभर वादविवाद नगर्नुहोला ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -**
कार्यसिद्धी हुने दिन छ, मान-सम्मानमा वृद्धि हुने, स्वास्थ्यले, भाग्यले साथ दिनेछ, थोरै पारिवारिक झमेला व्यहोर्नुपर्ने हुनसक्छ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -**
समय मिश्रित फलदायी छ, टाउको तथा आँखा सम्बन्धी समस्याले सताउन सक्छ, आज सन्तान पक्षबाट सहयोग प्राप्त हुनेछ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -**
धार्मिक कार्यमा सहभागी हुने दिन रहेको छ, बोल्दा विचार पुऱ्याउनुहोला, घुँडा तथा ढाडमा समस्या हुन सक्छ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -**
क्रोधलाई नियन्त्रणमा राख्नुहोला, बोलिको प्रभावले बन्नै लागेको काम पनि बिग्रन सक्छ, इष्टमित्रले साथ दिनेछन् ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -**
सन्तान पक्षबाट सुखद् खबर सुनिनेछ, नचिताएको ठाउँमा यात्रा हुन सक्नेछ, प्रेम सम्बन्ध कसिलो बनेर जानेछ ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -**
अधुरा रहेका कामहरू सिद्ध हुने दिन आएको छ, उच्च अधिकारीबाट साथ, सहयोग र हौसला मिल्नेछ, मन हर्षित हुनेछ ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -**
पराक्रम बढेर जानेछ, बिग्रन लागेको काम बनिनाले हौसला बढ्नेछ, छोटो दुरीको यात्रा हुनेछ, मन हर्षित रहला ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -**
मन अशान्त रहन सक्छ, पारिवारिक कारणले मनमा चिन्ता बढ्नेछ, व्यर्थको यात्रा गर्नुपर्नेछ, खर्च बढेर जानेछ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -**
मन प्रशन्न रहला, धन, स्वास्थ्य लाभको साथै शुख प्राप्त होला, शत्रुमाथि विजय प्राप्त हुनेछ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -**
आज बोल्दा विचार पुऱ्याउनुहोला, नयाँ वस्त्र प्राप्तीको योग छ, पराक्रममा वृद्धि होला, आफन्तजनको सहयोग प्राप्ति होला ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -**
समय सापेक्षित छ, जुनसुकै काम गरेपनि सिद्ध भएर जाने योग छ, साथीभाइले पूर्ण सहयोग गर्नेछन्, मन प्रशन्न रहला ।